'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ अंक : ८७ शनिवार ०८ मंसिर, २०८१ 23 (Saturday) November 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## जुम्लाका सबै स्थानीय तह साक्षर घोषणा

नमस्ते समचारदाता

जुम्ला, मंसिर/०७



जुम्लाका आठ वटै स्थानीय तह साक्षर घोषणा भएका छन् । जिल्लाको एक मात्र चन्दननाथ नगरपालिका र सात वटा गाउँपालिकारहेका छन् । बिहीबार एक कार्यक्रमको आयोजना गरी जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले गुठिचौर गाउँपालिकालाई पनि साक्षर गाउँपालिका घोषणा गरेसँगै जुम्लाका सबै पालिकाहरु साक्षर घोषणा भएका हुन । पालिकाहरुले साक्षर घोषणा गर्न तोकिएका सूचकहरु पुरा भएपछि साक्षर गाउँपालिका घोषणा गरिएको हो । गुठिचौरमा १५ वर्षदेखि ६० वर्ष उमेरका ९५.७३ प्रतिशत साक्षरता भएको गाउँपालिका शिक्षा शाखा प्रमुख सिंहमान रावतले जानकारी दिए । उनका अनुसार १० हजार ९ सय ४४ जनसंख्यामा १५ देखि ६० वर्ष उमेर समूहका ६ हजार ७ सय ९३ जनसंख्या छ । यसअघि चन्दननाथ नगरपालिका सहित तिला, कनकासुन्दरी, हिमा, सिंजा, तातोपानी र पातारासी गाउँपालिका साक्षर गाउँपालिका घोषणा भइसकेका थिए । तिला गाउँपालिकामा ९५.४ प्रतिशत, कनकासुन्दरी गाउँपालिकामा ९७ प्रतिशत, हिमा गाउँपालिकामा ९५.७२ प्रतिशत, सिंजामा ९६.५ प्रतिशत, चन्दननाथ नगरपालिकाका ९८.९१ प्रतिशत, तातोपानी गाउँपालिकामा ९५.७७ प्रतिशत नागरिक साक्षर रहेको तथ्यांक छ । तोकिएका १२ सूचकहरूमध्ये ५० प्रतिशत सूचक पूरा भए साक्षर गाउँपालिका घोषणा गर्न मिल्ने प्रावधान अनुसार जुम्लाका स्थानीय तह साक्षर घोषणा गरिएका हुन् । कनकासुन्दरी गाउँपालिकामा कुल १३ हजार ६ सय २५ जनसंख्या रहेको गाउँपालिकामा ९७ प्रतिशत नागरिक साक्षर छन् । यता पातारासी गाउँपालिकामा १५ देखि ६० वर्षसम्मका १० हजार ४२ जनसंख्या मध्ये ९५.२४ प्रतिशत नागरिक साक्षर छन् । यता चन्दनाथ नगरपालिकाको कुल २१ हजार ३६ जनसंख्या रहेको नगरपालिकामा ९८ प्रतिशत नागरिक तथ्याङ्कमा साक्षर देखिएका छन् । सिंजा गाउँपालिकाले कुल जनसंख्याको ९६ प्रतिशत नागरिक साक्षर भइसकेको देखाएको छ । यस्तै हिमा गाउँपालिको कुल जनसंख्या १२ हजार ८ सय ४ रहेकोमा १२ हजार २ सय २५ जना साक्षर छन् । हिमा गाउँपालिकाका १ देखि ७ वडासम्म ९५.७२ प्रतिशत जनसंख्या साक्षर रहेको गाउँपालिकाले साक्षर गाउँपालिका घोषणा गरेको छ । नेपाल सरकारको मापदण्ड अनुसार गाउँपालिका भित्र ९५ प्रतिशत नागरिक अनिवार्य लेखपढ गर्न सक्ने हुनुपर्ने व्यवस्था छ ।

## बालसुधारगृहका बन्दीमा छाला रोगको सङ्क्रमण बढ्दो

नमस्ते समचारदाता

बाँके, मंसिर/०७



बाल सुधार गृहमा रहेका अधिकांश बालबन्दीहरुमा छालामा संक्रमणको रोग देखिएको छ । बाँकेको डुडुवा गाउँपालिका-६ आसमानपुर स्थित जयेन्दु बालसुधारगृहमा रहेका बालबन्दीहरुमा छाला रोगको सङ्क्रमण पाइएको हो । उक्त बाल सुधार गृहमा कानुनी विवादमा रहेका बालबन्दीहरुका लागि आयोजित निःशुल्क स्वास्थ्य शिविर तथा स्वास्थ्य उपचार कार्यक्रममा उनीहरुको चेकजाँच गर्दा अधिकांशमा छाला रोगको सङ्क्रमण पाइएको बताइएको छ । एड्भोकेसी फोरम नेपाल, जिल्ला बाल न्याय समिति र बाँके जिल्ला अदालतले जयेन्दु बाल सुधार गृह र भेरी अस्पतालसँगको सहकार्यमा बिहीबार र शुक्रबार दुई दिनसम्म सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य शिविरमा सुधार गृहमा रहेका २ सय ७० जना बालबन्दीले स्वास्थ्य सेवा लिएको एड्भोकेसी फोरम लुम्बिनी संयोजक अधिवक्ता वसन्त गौतमले जानकारी दिएका छन् । गौतमका अनुसार स्वास्थ्य जाँच गरिएका २ सय ७० जनामध्ये १ सय ८२ जनामा छाला सम्बन्धी रोग, ११ जनामा अन्य रोग र बाँकी केहीमा सामान्य अवस्था रहेको पाइएको हो । अधिवक्ता गौतमले भने, 'सुधार गृहमा रहेका २ सय ७० जना बालबन्दीहरुको स्वास्थ्य परीक्षण गरेका छौं । १ सय ८२ जनामा छाला सम्बन्धी रोग देखिएको छ । छाला रोग बाहेक तीन जनामा मेडिसिन, तीन जनामा नाक, कान र घाँटी, दुई जनामा अर्थो र तीन जनामा आँखा सम्बन्धी रोगको समस्या देखिएको छ । छाला रोगीलाई शिविर मै उपचार गरेका छौं । आवश्यक औषधी समेत प्रदान गरेका छौं । अन्य ११ जनालाई भेरी अस्पतालमा थप उपचार गराउनका लागि सुधार गृह प्रशासनसँग आग्रह गरेका छौं ।' अधिवक्ता गौतमका अनुसार स्वास्थ्य जाँचका क्रममा बालबन्दीहरुमा बढी मात्रामा लुतो, दाद, इक्जीमा, फङ्गल इन्फेक्सन, डण्डीफोर, मुख पाखेको लगायतका समस्या देखिएको छ । स्वास्थ्य शिविरमा भेरी अस्पतालका वरिष्ठ छाला रोग विशेषज्ञ डा.अस्मिता गौतम, नर्सिङ अधिकृत शिला शर्मा र अस्पताल नर्सिङ निरीक्षक बसुन्धरा ज्ञवालीको टोलीले स्वास्थ्य सेवा प्रदान गरेको थियो । स्वास्थ्य शिविरमा बाँके जिल्ला अदालतका जिल्ला न्यायाधीश भिष्मराज प्रसाई, बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल, सशस्त्र प्रहरी बल ३० नम्बर गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक विमल डाँगी, जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायव उपरीक्षक आयुषप्रसाद जोशी, बाल सुधार गृहका इन्चार्ज बिमला काउचामगर लगायतको उपस्थिति रहेको थियो । जिल्ला न्यायाधीश भिष्मराज प्रसाईले जिल्ला बाल न्याय समितिको निर्णय बमोजिम स्वास्थ्य शिविर सञ्चालन गरिएको जनाउँदै बाल न्यायको कार्यान्वयनका लागि सबैले आ-आफ्नो स्थानबाट योगदान पुऱ्याउनु पर्नेमा जोड दिए ।

बाँकी ३ पेजमा...

## कोहलपुरको पिपिरीमा धुलो दूध कारखाना बनाउने प्रस्ताव

नमस्ते समचारदाता

बाँके, मंसिर/०७




बाँकेको पिपिरीमा रहेको नेपालगञ्ज दुग्ध वितरण आयोजना कोहलपुरले ६ महिना दूध फालाफाल पाउँछ । अनि, ६ महिना घरघरमा पुगेर खोज्दा पनि दूध पाउँदैन । चैतदेखि भदौ महिनालाई सुख्खा सिजन मानिन्छ । यो सिजनमा दैनिक दुई हजार लिटर दूध संकलन हुन्छ । असोजदेखि फागुन महिनासम्मलाई फल्स सिजन भनिन्छ । यो बेलामा दूध फालाफाल हुन्छ । दैनिक दश हजार लिटरसम्म दूध संकलन हुने गर्दछ । ड्राई र फल्स सिजन बीचको दूधको माग र आपूर्तिको चक्रलाई व्यवस्थापन गर्न पनि धूलो दूध उत्पादन कारखानाको आवश्यकता महसुस गरिएको हो । खपत भन्दा बढी भएको दूधलाई धूलो दूधमा रुपान्तरण गर्ने र सुख्खा सिजनमा हुने दूधको कमीलाई पनि धूलो दूधको प्रयोगले आपूर्तिमा सहज गराउने आयोजनाका प्रमुख दिलिप चौधरीको भनाइ छ । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमै धूलो दूध उत्पादन कारखाना छैन । धूलो दूध कारखाना सञ्चालन गर्न सकेमा यी प्रदेशमा बस्ने कृषकले उत्पादन गरेको दूधको उचित व्यवस्थापन गरी आर्थिक रुपमा जीवनस्तर उकास्न सकिने प्रमुख चौधरीको बुझाइ छ । देशमै पहिलो पटक वि.सं. २०२६ साउन १ गते नेपाल सरकारको स्वामित्वमा रहने गरी दुग्ध विकास संस्थानको स्थापना भएको थियो । वि.सं. २०५६ मा नेपालगञ्ज दुग्ध वितरण आयोजना सञ्चालनमा आयो । यहाँ प्रतिघण्टा एक हजार लिटर क्षमताको दूध प्रशोधन गर्न सक्ने अत्याधुनिक दूध प्रशोधन कारखाना रहेको छ । आयोजनाको आफ्नै चार विगाह जमिन छ । धूलो दूध उत्पादन कारखाना स्थापना गर्न जग्गाको अभाव हुँदैन । धूलो दूध उत्पादन कारखाना बनाउन ५० करोडको लागत अनुमान गरिएको छ । आयोजनाको दूध तथा दुग्ध पदार्थको बिक्री गर्ने मुख्य कार्यक्षेत्र बाँके, बर्दिया, दाङ, सुर्खेत र जुम्ला जिल्ला रहेको छ । आयोजनाले स्थापनाकाल देखि नै प्रशोधित दूध, दही, घ्यू, पनिर, मखन, मोजरेल्ला चीजलगायत उत्पादन गर्ने गरेको छ ।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# आँसुमा डुबेको सारङ्गी

गुरुङ सुशान्त



**– फिल्मको कथा पूरापुर नौलो होइन, यो हाम्रै गाउँघरको व्यथा हो, बेवास्ता गरिएका सीमान्तकृत कथाहरूको प्रतिनिधि धुन हो।**
**– विजय बरालका लागि पूर्णबहादुरको पात्रता अभिनय यात्राकै सार्थक घुम्ती हुनेछ।**

सिनेमा-घरहरूमा अश्रुपूरित दर्शकको भीडबीच 'पूर्णबहादुरको सारङ्गी' ले बटुलेको प्रशंसा र पैसाको बजारशास्त्रका बारेमा आजै व्याख्या गरिहाल्नु हतारो भइजाला। हुन त, मसलेदार फिल्महरूले पनि घच्चीको व्यापार गरेको विगत हामीसँग छँदै छ। त्यस विगतको पृष्ठभूमिमा नेपाली समाजको आम मनोविज्ञान र सिनेमा 'साक्षरता' का पाटा पनि पक्कै छन्। तर, नेपाली सिनेमाप्रति दर्शकको अपार आकर्षण उर्लिएको यो ऐतिहासिक मोडको प्रमुख कारण त 'पूर्णबहादुरको सारङ्गी' नै हो। 'पूर्णबहादुरको सारङ्गी' अर्थात् हाम्रै समाजको कथा र गाथा! थाहै छ, कथा बलियो हुँदाहुँदै पनि महत्वपूर्ण पाटो सिनेमाका लागि दृश्यभाषा मजबुत हुनुपर्छ, जसका लागि सैद्धान्तिक र प्रायोगिक पक्षदेखि सामूहिक लगन तथा संयोजन चुस्त हुनुपर्छ। चुस्त-दुरुस्त उत्रन सक्नु नै 'पूर्णबहादुरको सारङ्गी' को सबलता हो। आज पनि कतिपय बौद्धिकहरू सिनेमालाई कलाको प्रवर्गमा राख्न अस्वीकार गर्दै भन्छन्- 'फिल्म कला हुन सक्दैन। कारण, यसले वास्तविक तथ्यलाई यान्त्रिक ढंगले पुनः प्रस्तुत मात्रै गर्छ।' सिनेमालाई चित्रकलाको सादृश्यमा राखेर विश्लेषण गर्ने यसखाले विचारधाराको म्याद त गुज्रिएको छ नै, नेपाली सिनेपरम्परामै पनि कलात्मकताका उच्चतम उदाहरणहरू पाउन सक्छौं। अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा नेपाली सिनेमाहरूले निरन्तर सहभागिता जनाउनुले पनि आशावादी हुने द्वार खुलाएको छ। पछिल्लो समय अपवादबाहेक नेपाली दर्शकले मनोरञ्जनका नाममा गीत र 'फाइट' को संख्या गनेर सूत्रबद्ध सिनेमा बनाउने धारलाई लगभग बेवास्ता गर्दै जाने क्रम जारी छ। 'साम्बाला', 'गाउँ आएको बाटो', 'घरज्वाइँ', 'जारी', 'द रेड सुटकेस', 'हल्कारा' जस्ता पछिल्ला सिनेमाले पाएको सकारात्मक समीक्षाले बताउँछ कि दर्शकहरूले नयाँ स्वाद खोजिरहेका छन्। प्रश्न उब्जिन्छ, त्यो नयाँ स्वाद के हो ? सम्भावित उत्तर सरल छ- रैथाने कथा, नयाँ दृश्यभाषा र शैलीमा आफ्नै मिठास। हाम्रो जस्तो बहुसांस्कृतिक समाजमा कथाको दुःख छैन, बरु दुःखका अनन्त कथा छन्। यसको बलियो उदाहरण हो- 'पूर्णबहादुरको सारङ्गी'। यस सिनेमाको कथा पूरापुर नौलो होइन, हाम्रै गाउँघरको व्यथा हो। बेवास्ता गरिएका सीमान्तकृत कथाहरूको प्रतिनिधि धुन हो। कथानकको संरचना पनि आदि, मध्य र अन्त्यकै परम्परागत शैलीमा बुनिएको छ। तर, मसलेदार सिनेमाहरूमा खडा गरिने 'हिरोइज्म' का लागि बाँडिने नौरंगी आदर्श र समाज परिवर्तनको 'ठेक्का' लिने गर्जनभन्दा फरक स्वादको सपना छ, पूर्णबहादुरको। उनको सपना सामाजिक 'हैसियत' भन्दा उपल्लो होला, तर उत्पात होइन। गरिब दलितको घरमा सन्तानका लागि साँचिने सपना कस्तो हुन्छ ? सप्रसंग व्याख्याबिना सिनेमाकै गीत अघि सारौं- 'इस्टकोट आफ्नै काटी छोरालाई भोटो, गरिबैको घरमा जन्म लिनु कर्मै खोटो/पढाइलेखाइ ठूलो मान्छे बनाउने रहर, गाउँमै बित्यो आफ्नो जीवन, पुगोस् छोरा सहर/बाउबाजेको पालादेखि यो सारङ्गी रेटेर नै चलिराछ जिन्दगी, जानिनँ मैले नि योभन्दा अरू त, छोराले चाहिँ अब नहिँडोस् मागी/भुइँसम्मै टेकें मैले, तिमी टेक्नू धुरी/पाखुरीमा तागत रहेसम्म बोकिहिँड्छु, हालेर काँधेकुरी।' यही सपनाको पछि-पछि दौडँदा पूर्णबहादुरको जीवनरूपी सारङ्गीले सिर्जना गरेको संघर्षगाथाबाट नै यस सिनेमाको जन्म भएको छ। दुई दशकअघि प्रकाशित एक तथ्यांकअनुसार, एसएलसी उत्तीर्ण गर्ने गन्धर्वहरू जम्मा ६ दर्जन मात्रै थिए। अतः लेखक तथा पटकथाकारले काव्यिक कल्पना र सिर्जनात्मक संगीतका केही धुन पुनः सिर्जन गरे पनि मुख्य कथा यथार्थभूमिमै उभिएको छ। यस सिनेमाको कथाले त अझै पञ्चायतकालीन परिवेशबाट पालुवा हालेको हुनाले तत्कालीन गाउँघरको दृश्यांकनमा सकस परेको प्रस्ट देखिन्छ। कतिपय दृश्यहरू इतिहासचेत संयोजनका दृष्टिबाट हेर्दा खजमजिएको भान हुन्छ। तर, सम्पूर्ण सिनेमाको बहावलाई संगीतको लयात्मक तारले बाँधेको छ। र, गन्धर्व समुदायको संघर्षगान भएका कारण पनि संगीत पक्ष बलियो हुनु अत्यावश्यक थियो। गन्धर्वहरू सारङ्गी बजाउन मात्रै होइन, सारङ्गी बनाउन पनि पोख्त हुन्छन्। तर, सारङ्गीको तार बनाउन चाहिने मिहिन सीपलाई हाम्रो समाजले कहिल्यै ज्ञानको दर्जा दिएन। त्यस समुदायको रैथाने संस्कार-संस्कृतिमा रहेको जीवन्त ज्ञानपरम्परालाई हेयभाव राखेकै कारण समग्र समाजले क्षति व्यहोर्नुपरेको छ। यसको संकेत पूर्णबहादुरको गला बसेकोदेखि सारङ्गी बेच्नुपरेको दृश्यसम्मले प्रतीकात्मक रूपमा बोलेको छ। समग्रमा यस सिनेमालाई गन्धर्व-ब्लुज मान्न सकिन्छ। 'पूर्णबहादुरको सारङ्गी' लाई अरू सिनेमासँग दाँजेर सिनेमाटोग्राफीका दृष्टिले अब्बल भनियो भने अतिशयोक्ति हुन जान्छ। तर, यस सिनेमाले हाम्रो समाजको स्तरीकरणमा गन्धर्व समुदाय कहाँ पर्छ भन्ने प्रश्नमाथि समाजशास्त्रीय घोत्ल्याइँका लागि एक पटक हामी सबैलाई झक्झक्याउँछ। र, खासगरी यो फिल्म सहरिया नयाँ पुस्तालाई गन्धर्व समुदायको इतिहास बुझ्न सघाउने आँखीझ्याल हो। नेपाली समाजभित्र बलियो जरा गाडेर बसेको जातव्यवस्थाको सोपानक्रमले दिएको पीडाको आंशिक प्रकटीकरण 'पूर्णबहादुरको सारङ्गी' हो भने दर्शकले बगाएको आँसु त्यस पीडाप्रतिको सहानुभूति। तर, समाजलाई अगाडि बढाउन सहानुभूतिले मात्रै अर्थ राख्दैन। नेपालको जीवित सांस्कृतिक सम्पदामध्येको गन्धर्व समुदायलाई राज्यले बेवास्ता गरेकै कारण आज त्यस समुदायको ज्ञान विलुप्त हुने मोडमा छ। संगीत संस्कृतिका जीवित संवाहक मानिने गर्न्धवहरू राज्यले इतिहासदेखि अंगीकार गरेको जातव्यवस्थाका कारण आज पनि तिरस्कार र बहिष्करणको सिकार भएका छन्। गन्धर्व समुदायसँग भएको कला र गलाकै कारण आज नेपालले विश्वसंगीतको रंगमञ्चमा गर्विलो पहिचानसहित उभिन सक्नुपर्थ्यो। खासमा राज्य र शासकहरूले स्वार्थवश बेला-बखतमा गन्धर्वहरूलाई शोषण र प्रयोग दुवै गरे। र, काम सकिएपछि सम्बन्धित समुदायलाई राज्यले परिचयहीनताको बलेसीमा मिल्काइदिए, जसका कारण आज पनि उनीहरू 'टीठलाग्दो' देखिने गरी निरीह छन्। श्रम र ज्ञानलाई हेयभाव राख्ने राज्यको रवैयाले गन्धर्वहरूलाई जातव्यवस्थामा हुलिदिएर 'अछुत' बनाएपछि उनीहरूको विरहगानको शृंखला अविच्छिन्न चलिरहेको छ। पौराणिक सन्दर्भहरूले बताएअनुसार गन्धर्वहरू सोझा गन्धर्वऋषिका सन्तान भए पनि चम्बु ऋषिहरूका षड्यन्त्रमा परी 'अछुत' बनाइएका हुन्। हिजोको राज्यसत्ताले दलितहरूलाई सम्पत्तिको अधिकारबाट वञ्चित गरिदिएपछि गन्धर्वहरू हेपिएर 'गाइने' नामले चिनिए र 'मगन्ते' बनाइए। अनुदानरूपी 'दान-दक्षिणा' बाट अर्थतन्त्र धानेको सत्ताले समेत आफ्नै जनतालाई 'मगन्ते' देख्नु विडम्बनापूर्ण परिदृश्य हो। गन्धर्व समुदायको योगदान नेपाली समाजमा चानचुने छैन। खासमा उनीहरू संगीतशास्त्रका गुरु हुन् अर्थात्, एक किसिमले 'आँसुसंगीतज्ञ' हुन्। उनीहरू बाह्रै महिना गीत गाउने मात्रै होइन, अकस्मात् हुने घटनालाई नौलो र रोचक ढंगले लयबद्ध गरी तुरुन्तै गाउन सक्छन्। जन्मजातजस्तै गायक रहेका गन्धर्वहरू हिजो प्रविधि र आमसञ्चारका सहजता नभएको बखत समाचारवाहकका भूमिकामा डुल्थे। गाउँघर डुलेर कर्खा र गाथा गाउँदै हिँड्दा मौखिक इतिहासलाई जगेर्ना गर्ने काममा सहयोगी देखिएका उनीहरूले हिजोको राज्य विस्तारदेखि राज्य-राज्यबीचको लडाइँमा आम मानिसलाई देशका लागि लड्न उत्प्रेरित पनि गर्दथे। जनसांख्यिक हिसाबले न्यून रहेका गन्धर्व समुदायबारे सरदार भीमबहादुर पाँडेको शब्द-सापटीमा भन्ने हो भने, 'त्यस बखत नेपाली राष्ट्रियताको दियो गाउँघरमा निभ्न नदिने खास श्रेय यदि नेपालमा कसैलाई छ भने त्यही बिचरो सुकुम्बासी छातीकोरा गाइनेलाई नै छ। उहिले गाइनेले मगन्ताका भेषमा गाउँगाउँ, घरघर, हाटबजारमा आफ्ना सारङ्गीमा स्वर मिलाएर नेपालीका पुर्खाहरूले पौरख गरेको कर्खा सुनाउँदै हिँड्थ्यो।' पृथ्वीनारायण, बहादुर शाह, अमरसिंह, बलभद्र कुँवरदेखि जंगबहादुरजस्ता शासककै किन नहोस्, इतिहासलाई उनीहरूले पुस्तादरपुस्ता जोगाउँदै ल्याए। पृथ्वीनारायण शाहको राज्यविस्तारमा सघाउने मनिराम गाइनेदेखि गणतान्त्रिक आन्दोलनमा गीत गाउने रुविन गन्धर्वहरूले तत्कालीन राज्यदेखि परिवर्तनकारी आन्दोलनसम्मलाई आफ्नो गच्छेअनुसार भरथेग गरेका थिए। आन्दोलन र लडाइँहरूमा संस्कृतिकर्मी र संगीतको मनोवैज्ञानिक प्रभाव कति पर्छ भन्ने त सर्वविदितै छ। लडाइँबाट फर्केका लाहुरेलाई गाउँघरका कथा भन्नेदेखि लाहुरेले लडेका लडाइँका कथा गाउँघरमा सारङ्गीबाटै सुनाउने गन्धर्वहरूले हाम्रो लोकसंगीतलाई रैथानेपनसहित जगेर्ना गरिआएको भए पनि त्यस समुदायलाई दलनमा पिस्ने काम गरेर इतिहासमा 'नकाम' भएकै हो। हिजोको गलत कदमलाई सच्याउने मौका राज्यसँग अझै छ। तर, शासकहरू विवेक र नीतिविहीन भएर 'खोलो तऱ्यो, लौरो बिर्स्यो' को यात्रामा छन्। शासकको हृदय कठोर भएकै परिणाम आज जनता 'पूर्णबहादुरको सारङ्गी' हेरेर आँसुले रुमाल भिजाउँदै छन्। फेरि पनि साँचो कुरा- आँसु समाधान होइन, सहानुभूति मात्रै हो। यस सिनेमामा प्रायः कलाकारले आफ्नो पात्रतामा निखार ल्याउन भरपूर कोसिस गरेकै छन् र लामो समयदेखि अभिनयमै पौडिरहेका माओत्से गुरुङ, भोला सापकोटा, बुद्धि तामाङ, देशभक्त खनालजस्ता कलाकारले न्याय गरेका छन्। मुकुन भुसाल, अन्जना बराइली, प्रकाश सपुत, स्वयम् केसी, सरिता साहले निर्वाह गरेको पात्रता उत्तिकै महत्वपूर्ण छ। उही धरातलमा उभिएका निम्न वर्गीय पात्रहरूबीचको आत्मीयता र ईर्ष्याको द्वन्द्वात्मक भावलाई पूर्णबहादुर र वीरेको पात्रताले सहजै बोकेको छ। आवरणमा 'क्रान्तिकारी' को बर्सादी ओढेर भित्रभित्रै जब्बर जात-व्यवस्थाको 'जनै' भिर्ने पठित ढोंगीहरूको प्रतिनिधित्व गर्ने मास्टरले हाम्रो समाजको एक तह मुकुन्डो उतारिदिएको छ। यस सिनेमाको केन्द्रीय पात्र पूर्णबहादुरलाई कलाकार विजय बरालले न्याय गर्न सक्छन् भनी निर्णय गर्न सक्ने खुबी र बराललाई पहिलो पटक मुख्य भूमिकामा राख्ने आँटले सरोज पौडेलको निर्देशकीय कौशलको अब्बलता पुष्टि गर्छ। बरालले चरित्र निर्वाहका लागि खर्चेको मिहिनेत लोभलाग्दो छ। हुन त, विजय बराल नेपाली नाटक र सिनेमाका लागि नयाँ अनुहार होइन। १७ वर्षदेखि नाटकमा काम गरिरहेका उनी मण्डला थिएटरका खम्बामध्येका एक हुन् नै। र, १२ वर्षदेखि सिनेमामा निरन्तर काम गरिरहेका उनले निर्देशक रामबाबु गुरुङ, उपेन्द्र सुब्बा र कलाकार दयाहाङ राईको समूहमा गरेको अभिनय स्मरणीय हुँदाहुँदै पनि सहायक पात्रमा सीमित थिए। नाटक नहेरेका दर्शकमाझ पर्दामा आफूलाई निखारिएका कलाकार साबित गर्ने पहिलो मौकालाई उनले भरपूर सदुपयोग गरे र धेरै हदसम्म सफल पनि भए। र, बजारमा अहिले सर्वाधिक दर्शक रुवाउने कलाकारको उपमा पनि पाए। नाटक र सिनेमामा अब्बल अभिनय गरिसकेका विजयलाई पूर्णबहादुरको पात्रतामा उत्रनु एक किसिमको चुनौती थियो। कारण- एकातिर उनी तराईको ब्राह्मण परिवारमा हुर्किएका व्यक्ति भएकाले पश्चिमेली भाषिकामा कठिनाइ थियो भने अर्कातिर गन्धर्वको भूमिका निभाउनु भनेको सारङ्गी समात्नु मात्रै थिएन। त्यसमाथि एउटै पात्रको वयस्क, अधबैंसे र वृद्धसम्मको त्रिआयामिक चरणको भूमिका निर्वाह गर्नु चानचुने मिहिनेतले सम्भव थिएन। बरालका अनुसार, यस पात्रलाई बुझ्नका लागि उनले गन्धर्व संस्कृतिको अध्ययन त गरे नै, ठमेलमा गएर गन्धर्व समुदायकै व्यक्तिसँगै सारङ्गी बजाउन सिके। सायद सारङ्गीको रेटाइसँगै गन्धर्व समुदायको सामूहिक मनोविज्ञान पनि बुझ्ने कोसिस गरे। भिन्न-भिन्न सांस्कृतिक इतिहास बोकेका व्यक्तिहरूको सोच्ने तरिकादेखि व्यवहारसम्म भिन्न हुने भएकाले यसखाले उठबसले 'लघु गुरुकुल' को काम गऱ्यो होला। निखारताको अपेक्षा रहे पनि एकै पात्रको उमेरगत भिन्नतासहितको शारीरिक भाषा, मनोविज्ञान र बोलीको उतारचढाव सम्म विजयले सक्दो न्याय गरेका छन्। लाग्छ- विजय बरालका लागि पूर्णबहादुरको पात्रता उनको अभिनय यात्राकै सार्थक घुम्ती हुनेछ। डेढ दशकभन्दा लामो अभिनय साधनाले निखारिएका विजयले मुख्य भूमिकालाई दमदार बनाएपछि 'नायक' सम्बन्धी भत्किँदै आएको पुरातन परिभाषाको भाष्यमा फेरि अर्को ठूलो धक्का लागेको छ। यदि नायकत्व हुन्छ भने व्यक्तिको छाला, रङ, उचाइ, स्वर, नाच आदिमा नभई उसले बाँचेको पात्रतामा हुन्छ भन्ने नयाँ धार बन्दो परिवेशमा पूर्णबहादुरको चरित्रसहित विजय बरालले थप एक तह स्थापत्य खडा गरिदिएका छन्। यसका निम्ति उनी बधाईका पात्र भएका छन्। 'जिन्दावाद र मुर्दावाद' नभट्याईकन पनि साहित्य र सिनेमाले राजनीति गर्न सक्छ भन्ने उदाहरण 'पूर्णबहादुरको सारङ्गी' ले थप पुष्टि गरेको छ। यस सिनेमाले परोक्ष भनेको छ- नेपाली समाजको वर्ग निर्माण जातव्यवस्थामा आधारित छ, जातव्यवस्थाको सोपानतन्त्र गलत छ र त्यस्तो तन्त्र भत्काएर हाम्रो मौलिक कला-संस्कृतिमा रहेका ज्ञानपरम्परालाई जोगाउन सक्नुपर्छ। त्यसका निम्ति 'पूर्णबहादुरको सारङ्गी' मा पोखिएको सहानुभूतिलाई जातव्यवस्थाको समूल अन्त्य गर्ने जनमतमा बदल्ने विचारसहितको नेतृत्वको खाँचो छ।

नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०७१ सालको पावन अवसरमा सम्पूर्ण गाउँपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दीक शुभकामना व्यक्त गर्दछौं ।

सोरू गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
जिमा, मुगु, कर्णाली प्रदेश, नेपाल

# पार्कमा पर्यटकको घुइँचो

■ नमस्ते समचारदाता
कैलाली, मंसिर/०७



टीकापुर पार्कमा तिहारपछिको १५ दिनमा ५६ हजारभन्दा बढी पर्यटक आएका छन् । टीकापुर बृहत् बङ्गला पार्कका नामले परिचित यस पार्कका नयाँ वर्ष र दसैंतिहारमा देशका विभिन्न भागबाट ठुलो मात्रामा पर्यटक आउने गर्छन् । टीकापुर पार्क भ्रमण, अवलोकन र वनभोज खान बर्सैभरि पर्यटक आउने भए पनि वसन्त ऋतु नयाँ वर्ष र दसैंतिहारमा पर्यटकको भिड बढ्ने गर्छ । तिहारपछिका १५ दिनमा मात्रै ५६ हजार चार सय जनाले पार्क प्रवेश गरेका छन् भने पार्क प्रवेश शुल्कबापत १८ लाख ३० हजार रुपियाँ सङ्कलन भएको टीकापुर नगरपालिकाको पार्क शाखाका इन्चार्ज अर्जुन कुँवरले जानकारी दिनुभयो । कुँवरका अनुसार सबैभन्दा बढी कात्तिक २० गतेका दिन आठ हजार पर्यटक पार्कमा प्रवेश गरेका र प्रवेश शुल्कबाट दुई लाख ५० हजार रुपियाँ राजस्व सङ्कलन भएको थियो । दाङबाट टीकापुर पुग्नुभएका धनबहादुर नेपाली पार्क पुगेपछि कस्तो होला भन्ने उत्सुकता मेटिएको र आनन्द लागेको बताउनुहुन्छ । स्थानीय दीपकबहादुर थापा यति धेरै मानिस टीकापुर पार्क पुग्नुलाई टीकापुरमा पर्यटन विकासको सम्भावना देख्नुहुन्छ तर सम्भावना भएर पनि नगरपालिका प्रवेश शुल्क मात्रै उठाएर बसिरहेको थापा बताउनुहुन्छ । शुक्लाफाँटा वन्यजन्तु आरक्षमा सिकार खेल्न पुग्नुभएका तत्कालीन राजा महेन्द्रको विसं २०२४ चैत २४ मा आकस्मिक हृदयाघात भएको थियो । राजा महेन्द्र काठमाडौँ फर्किने क्रममा हेलिकोप्टर टीकापुरमा अवतरण गर्नुभएको थियो । घना जङ्गलको बिचमा एक महिना बसेर स्वास्थ्य लाभ भएपछि यहाँ पार्कका रूपमा विकास गर्न निर्देशन दिनुभएको थियो । हाल १३ बिघा जमिनमा बनेको टीकापुर पार्कमा महेन्द्र आरोग्यगृह, रत्न उद्यान, वीरेन्द्र विश्राम वाटिका, ऐश्वर्य उद्यान मुख्य आकर्षणका रूपमा रहेका छन् । कैयौँ प्रकारका गुलाब र सँगैको कर्णाली नदीका कारण प्राकृतिक रमणीयताले पनि पर्यटकलाई आकर्षण गर्ने गरेको छ । यहाँ कञ्चनपुर, बाँके, दाङ, बर्दिया, सुर्खेतलगायतका जिल्लाबाट ठुलो मात्रामा पर्यटक आउने गरेका छन् ।

# बैतडीका छ सय ग्राहकको विद्युतको लाइन काट्दै प्राधिकरण

■ नमस्ते समचारदाता
बैतडी, मंसिर/०७



विद्युत् महसुल नतिर्ने करिब छ सय ग्राहकको विद्युत लाइन काटिने भएको छ । नेपाल विद्युत् प्राधिकरण बैतडी वितरण केन्द्रले विद्युत् प्रयोग गर्ने तर महसुल नतिर्ने ग्राहकको लाइन काट्ने तयारी गरेको हो । जिल्लामा विद्युत् प्राधिकरणका ग्राहकबाट रु ८० लाख बढी बक्यौता रकम उठाउन बाँकी छ । केन्द्रका अनुसार विद्युत महसुलबापतको रु ८० लाख ९९ हजार तीन सय ६२ बक्यौता उठाउन बाँकी छ । मिटर रिडिङ गरेको ६० दिन नाघिसकेका पाँच सय ७९ ग्राहकबाट उक्त रकम असुल गर्न बाँकी रहेको नेपाल विद्युत् प्राधिकरण बैतडी वितरण केन्द्रका प्रमुख जनार्दन पौडेलले बताउनुभयो । चौरासी वटा सरकारी कार्यालयबाट रु १७ लाख १९ हजार दुई सय ३५ बक्यौता उठाउन बाँकी छ । तीमध्ये ५९ वटा सदरमुकामका कार्यालय र २५ वटा पाटन क्षेत्रका कार्यालय छन् । यस्तै अन्य चार सय ९५ ग्राहकबाट रु ६३ लाख ८० हजार एक सय २६ बक्यौता असुल गर्न बाँकी रहेको प्रमुख पौडेलले बताउनुभयो । समयमा महसुल नबुझाउने ग्राहकको लाइन काट्ने कार्य सुरु भइसकेको छ । प्राधिकरणले मिटिर रिडिङ भएको ६० दिनभित्र महसुल नबुझाउने ग्राहकको लाइने काट्ने नीति लिएको छ । सोही नीतिअनुसार समयमा महसुल नबुझाउने ग्राहकको यो वर्ष पनि लाइन काट्ने कार्य सुरु भएको वितरण केन्द्रका प्रमुख पौडेलले बताउनुभयो । बैतडीमा गत आर्थिक वर्षमा समयमा महसुल नबुझाउने ग्राहकको लाइन काटेर रु ६४ लाख बक्यौता रकम असुल गरिएको थियो । लाइन काटेपछि महसुल तिर्नेहरूको प्राधिकरणले पुनः लाइन जोड्ने गरेको छ ।

विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सार्वजनिक स्थानमा फोहोर फाल्नेलाई १० हजार जरिवाना

■ नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/०७



नेपालगन्ज उपमहानगरपालिकाले सार्वजनिक स्थानमा फोहोर फाल्नेलाई जरिवाना गरेको छ । आशीर्वाद पेन्ट्स प्रालिलाई नेपालगन्ज उपमहानगर पालिकाको फोहोरमैला व्यवस्थापन ऐन २०७५ बमोजिम १० हजार रुपैयाँ जरिवाना गरिएको हो । नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर १७ परस्पुर र ढोडेगाउँबीचमा रहेको दोदरा नालामा सार्वजनिक स्थान दुर्गन्धित हुने गरी फोहोर फाल्ने ग १ ख ६४३ नम्बरको भ्यानलाई नियन्त्रणमा लिई अस्थायी ट्राफिक प्रहरी पोष्ट गनापुरले कारबाहीका लागि नेपालगन्ज उपमहानगरपालिकामा पठाएको थियो । अभिनव बर्माले सामाजिक सञ्जाल फेसबुकमा सामग्री पोष्ट गरेर जानकारी गराएपश्चात नगर प्रहरीको पहलमा ट्राफिक प्रहरीले गाडी समातेको हो । नगर प्रमुख प्रशान्त विष्टले नेपालगन्ज उपमहानगरपालिकाले जथाभावी फोहोमैला फाल्ने विरुद्ध शून्य सहनशिलताको नीति लिएको बताउँदै लुकिछिपी फोहोर फालेको देखेमा जानकारी गराउन आग्रह गरेका छन् । विष्टले नगर सफा राख्नु सबै नगरबासीको साझा दायित्व भएको भन्दै फोहोर मैलाको उचित व्यवस्थापनका लागि सबै गम्भीर बन्नुपर्ने बताए ।

## बाल...

सुधार गृहमा रहेका बालबन्दीहरुलाई छाला सम्बन्धी रोगको संङ्क्रमण भएकोले एडभोकेसी फोरम समक्ष बालबन्दीहरुको स्वास्थ्य जाँचका लागि अनुरोध भएपश्चात् फोरमको संयोजनमा जिल्ला बाल न्याय समितिको बैठक बसी स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय भएको थियो । बाल न्याय समितिको बैठकमा एड्भोकेसी फोरमले औषधीको व्यवस्थापन मिलाउने र भेरी अस्पतालले चिकित्सक सेवा उपलब्ध गराउने गरी स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय भएको गौतमले जानकारी गराए । जयेन्दु बाल सुधार गृहमा हालसम्म २ सय ७० जना बालबन्दीहरु रहेको सुधार गृहका इन्चार्ज विमला काउचामगरले जानकारी गराए । जसमध्ये ५ जना भारतीय नागरिक छन् । १४ वर्षभन्दा मुनिका कोही नभएको उनले बताए । १४ वर्षदेखि १५ वर्षसम्मका २९ जना, १६ देखि १८ वर्षसम्मका १ सय ५२ जना र १८ वर्ष पुरा भएका ८९ जना बालबन्दी रहेका छन् । २ सय ७० जनामध्ये पुर्पक्षका क्रममा १ सय २४ जना र फैसला भएका १ सय ४६ जना बालबन्दीहरु रहेको काउचाले जानकारी गराए ।

## कोहलपुरको...

आयोजनाअन्तर्गत लमही दूध चिस्याउने केन्द्र, दाङ, छिन्चु दूध चिस्याउने केन्द्र, सुर्खेत, सानोश्री दूध चिस्याउने केन्द्र, बर्दिया, भूरीगाउँ दूध चिस्याउने केन्द्र, बर्दिया, शान्तिनगर दूध संकलन केन्द्र, दाङ गरी पाँचवटा दुग्ध चिस्यान केन्द्रहरु सञ्चालनमा रहेका छन् । कृषकले समयमै पैसा नपाउने समस्या पनि समाधान हुँदै गएको छ । आयोजनाका प्रमुख चौधरीले जेठ महिनासम्मको पाँच करोड बढी रुपैयाँ भुक्तानी गरिसकेको जानकारी दिनुभयो । असार देखिको भुक्तानी गर्न बाँकी रहेको छ । असारमा ३५ लाख, साउनमा ३६ लाख, भदौमा ५० लाख, असोजमा ५० लाख बढी भुक्तानी दिन बाँकी रहेको छ । लुम्बिनी प्रदेशमा ग्रामीण अर्थतन्त्रको बलियो आधारका लागि दुग्ध व्यवसायको प्रवर्द्धन गरी दूधको व्यवस्थापन गरी आत्मनिर्भरताको लागि पनि धूलो दूध उत्पादन कारखाना स्थापनाका लागि प्रस्ताव गरिएको चौधरीको बताउनुभयो ।



# अन्तरप्रदेश सडक प्राथमिकतामा

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/०७



कर्णाली प्रदेश सरकारले अन्तरप्रदेश सडक निर्माणलाई प्राथमिकतामा राखेको छ । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर अन्तरप्रदेश सडक निर्माणलाई निरन्तरता दिएको हो । प्रदेशमा चार स्थानमा अन्तरप्रदेश सडक निर्माणका काम भइरहेका छन् । उक्त सडक निर्माणको कामलाई निरन्तरता दिन प्रदेश सरकारले बजेट विनियोजन गरेको छ । अन्तरप्रदेश जोड्ने सडकलाई प्राथमिकतामा राखी निर्माण कार्य अघि बढाइने प्रदेश सरकारले जनाएको छ । उक्त सडक अन्तर्गत मुलपानी-रानीघाट, तेलपानी भुरीगाउँ सडक, कालीकोट, लालु, लैफू-कोटबाडा, रास्कोट, रामारोशन सडक, रारा, सेरी सुकाढिक, धुराचौर बाजुरा सडक, सल्यान खलङ्गा, कालीमाटी, घुइयाँबारी काप्रेचौर, खर्कवार कोहलपुर सडक स्तरोन्नतिको काम गरिने छ । यो वर्ष सरकारले अन्तरप्रदेश सडक निर्माण योजनालाई प्राथमिकतामा राखेको मन्त्रालयका प्रवक्ता रमेश सुवेदीले बताउनुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षमा ३९ करोड बजेट विनियोजन गरिएको छ ।

**तेलपानी-भुरीगाउँ सडक विस्तार**

सुर्खेतको वीरेन्द्रनगरदेखि बर्दियाको भुरीगाउँ जोड्ने सडक निर्माणलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको छ । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । चालु आवमा प्रदेश सरकारले सडक निर्माणको काम अघि बढाउन आठ करोड बजेट विनियोजन गरेको छ । कर्णाली र लुम्बिनी प्रदेश जोड्ने मूलपानी-रानीघाट-तेलपानी भुरीगाउँ सडक निर्माणलाई प्राथमिकताका साथ राखेको हो । यो सडक आयोजना नयाँ भने होइन । प्रदेश सरकारले आव २०७५/७६ देखि सडक निर्माण योजना अघि बढाएको हो । सडक निर्माणको काम भने आव २०७६/७७ देखि सुरु गरियो । दुई खण्डमा विभाजन गरेर सडक निर्माणको काम अघि बढाइएको भए पनि अहिलेसम्म निर्माणको काम सम्पन्न भएको छैन । सरकारले यो वर्ष पर्याप्त बजेट विनियोजन गरेर सडक निर्माणको कामलाई सम्पन्न गर्न लागेको हो ।

**कालीकोट-लालु-रामारोशन सडक**

अन्तरप्रदेश सडक निर्माण अन्तर्गत कालीकोटमा सडक स्तरोन्नतिको काम धमाधम भइरहेको छ । कालीकोट, लालु, लैफु-कोटवाडा, रास्कोट, रामारोशनसम्म सडक निर्माण गर्न लागिएको हो । गत आवमा ठेक्का सम्झौता गरी काम अघि बढाइएको छ । अहिले सडक स्तरोन्नतिको काम धमाधम भइरहेको पूर्वाधार विकास कालीकोटले जनाएको छ । २०८० माघ २४ गते ठेक्का सम्झौता भई काम सुरु गरिएको थियो । २०८३ असार २४ गतेसम्म निर्माणको काम गरिसक्नुपर्ने सम्झौतामा उल्लेख छ । उक्त सडकखण्ड अन्तर्गत सात किलोमिटर सडक स्तरोन्नति गरिने कार्यालय प्रमुख हरि शर्मा धितालले बताउनुभयो । सात किलोमिटर स्तरोन्नतिको काम ७३ प्रतिशत भएको छ भने वित्तीय प्रगति ६९ प्रतिशत भएको छ ।

**सल्यान-कोहलपुर सडक**

अन्तरप्रदेश सडक निर्माणको काम धमाधम भइरहेको पूर्वाधार विकास कार्यालय सल्यानले जनाएको छ । सल्यान खलङ्गा, कालीमाटी, घुइयाँबारी काप्रेचौर, खर्कवार कोहलपुर सडक स्तरोन्नतिको काम भइरहेको कार्यालय प्रमुख नवीन थापाले बताउनुभयो । २०८१ जेठ १५ मा ठेक्का सम्झौता गरिएको हो । २०८३ असार १५ गतेसम्म सडक स्तरोन्नति गरिसक्नुपर्ने सम्झौतामा उल्लेख छ । सडक स्तरोन्नतिको १६ प्रतिशत काम सकिएको छ भने १० प्रतिशत वित्तीय प्रगति भएको छ ।

# मुगुमा विकासका आधार निर्माण गर्न प्रदेश सरकारको प्रतिबद्धता




नमस्ते समचारदाता
मुगु, मंसिर/०७

कर्णाली प्रदेशका मुख्यमन्त्री यमलाल कँडेलले मुगु जिल्लाको विकासका लागि प्रदेश सरकार प्रतिवद्ध रहेको बताएका छन् । मुगु जिल्लामा सञ्चालनमा रहेका ठूला आयोजनाको अवस्था अध्ययन गर्न जिल्ला भ्रमणमा पुगेका मुख्य मन्त्री कँडेल यस्तो प्रतिवद्धता व्यक्त गरेका हुन् । मुख्यमन्त्री कँडेलले विकासमा सबै पक्षको सहकार्य आवश्यक रहेको बताए । मुख्यमन्त्री कडेलले मुगु जिल्लामा रहेका ठूला विकास आयोजनाहरूको प्रभावकारिता, बजेट परिचालन र स्थानीय समुदायमा परेको प्रभावबारे यथार्थ जानकारी लिन सम्बन्धित पक्षसँग छलफल गरिने बताए । कँडेलले भने,' जिल्लाको विकासको लागि सञ्चालित भएका कुनैपनि योजनाहरु अवरुद्ध हुन प्रदेश सरकारले दिदैन । सबै पक्षसँगको सहकार्य बाट मात्र योजनाहरुको सफल कार्यान्वयन सम्भव छ भन्ने विषयमा प्रदेश सरकार प्रतिवद्ध र सपष्ट छ ।' पत्रकार सँगको भेटघाटका क्रममा पत्रकारले सडक निर्माण, विद्युत, गमगढी नाक्चेलाग्ना सडक, विस्तार प्रदेशबाट योजना किन बेच, रारा बिमानास्थलको ट्रमिनल भवन र बिमानास्थलको पहिरो रोकथामका साथै राराको पर्टन बिकास र अलपत्र अवस्थामा रहेको रारापर्यटन पदमार्गको बिषयका साथै स्वास्थ्य र कृषि क्षेत्रमा देखिएका समस्या र ढिलासुस्ती बारे जिज्ञाशा राखेका थिए । मुख्यमन्त्रीले यी सबै विषयमा आवश्यक कदम चाल्ने प्रतिबद्धता जनाए । कार्यक्रममा सहभागी भएका स्थानीय नेताहरूले विकास आयोजनामा देखिएका चुनौती समाधान गर्न ठोस योजना बनाउन आग्रह गरे । मुख्यमन्त्री कडेलले निकट भविष्यमा जिल्लामा विशेष कार्यक्रम मार्फत ठूला आयोजना अनुगमन र निर्णय लिने प्रक्रिया अघि बढाइने जानकारी दिए । भेटघाटले मुगु जिल्लामा विकास निर्माणमा भइरहेको ढिलासुस्तीलाई अन्त्य गर्न सहजीकरण हुने आशा गरिएको छ ।

# बीस वर्षदेखि सुकुम्बासी : जग्गा पाउने ठेगान छैन

नमस्ते समचारदाता
अछाम, मंसिर/०७



अछाम रामारोशनका बुदे टमटा १९ वर्ष पहिले अछामबाट कैलालीको टीकापुर झर्नुभयो । २०६२ सालमा टीकापुरमा जग्गा पाइन्छ भन्ने सुनेर टीकापुर झर्नुभएका उहाँ टीकापुर बहुमुखी क्याम्पसको नाममा भएको जग्गा अतिक्रमण भइरहेको क्षेत्रमा आएर बस्नुभयो । सरकारले गरिबलाई जग्गा वितरण गरिरहेको छ भन्ने लागेर उहाँ टीकापुर झर्नुभएको थियो । टीकापुर पुग्दा बुदेले सोचे जस्तो भएन । अछाममा हुँदा पनि अरुको काम गरेर दैनिकी गुजारा गर्ने बुदे टीकापुर झरेपछि अछाम फर्कनु भएन । "अछाममा पनि केही थिएन, यता पनि केही छैन । जता बसे पनि सुकुम्वासी", उहाँले भन्नुभयो, "१९ वर्षदेखि सरकारले व्यवस्थापन गर्छ कि भन्ने आशामा छौं । आशा गर्दागर्दै मर्ने बेला भइसक्यो ।" अछामकै तडिगैराबाट ५० वर्षको उमेरमा टीकापुर पुग्नुभएका नन्दे लुहारलाई बुढ्यौलीले छोइसकेको छ । जग्गा पाइएला भन्ने आशामा बस्दा बस्दै लुहार सामाजिक सुरक्षा भत्ता पाउने उमेरको भइसक्नुभयो । उहाँ भन्नुहुन्छ, "अब त मलाई त्यो जग्गाको आशा पनि छैन । २० वर्ष जग्गाको आशामा बित्यो ।" २० वर्षदेखि टीकापुर बहुमुखी क्याम्पस र वीरेन्द्र विद्यामन्दिर शैक्षिक गुठीको नाममा रहेको सयौं बिघा जग्गा सुकुम्बासी मुक्तकमैयाको अतिक्रमणमा छ । उक्त जग्गा खाली गराउन क्याम्पसले पटक-पटक पहल गर्दा पनि राजनीतिक संरक्षणमा बसेका मुक्तकमैया सुकुम्बासीलाई सहजै स्थानान्तरण गर्न सकिने अवस्था छैन । यस क्षेत्रमा नौ वटा शिविर छन् । शिविरमा पाँच हजार घरपरिवार बसोबास गर्दै आएका छन् । यहाँ करिब २० हजार जनसङ्ख्या रहेको अनुमान छ । यहाँ मुक्तकमैया सुकुम्वासी मात्रै नभइ तत्कालीन टीकापुर विकास समितिका कर्मचारी पनि उचित व्यवस्थापनको आशामा यहीँ बसोबास गर्दै आएका छन् । "मैले विकास समितिमार्फत आठ वर्ष कमैया काम गरेँ । त्यो बेला उचित बसोबाससहित कम्तीमा एक बिघा जग्गा दिनेसम्म कुरा थियो", भूपु कमैया शिविरमा बस्दै आउनुभएका घनश्याम चौधरीले भन्नुभयो, "आज न विकास समितिको जागिर छ, न खान बस्नलाई बास गाँस ।" भूपु कमैया शिविरमा बस्दै आउनुभएका कुलुराम चौधरी ६८ वर्षको पुग्नुभयो । जीवनको उर्जावान समय टीकापुर विकास समितिमा बिताउनु भएका कुलुराम अहिले शिविरमै बस्नुहुन्छ । उहाँ हाल अरुको सहारामा हुनुहुन्छ । टीकापुर बहुमुखी क्याम्पस र वीरेन्द्र विद्यामन्दिर सार्वजनिक शैक्षिक गुठीले आफ्नो जग्गा अतिक्रमण भएको भन्दै मुद्दा दायर गरेको छ । यहाँका नागरिक राजनीतिक रुपमा प्रयोग हुने गरेका छन् । विभिन्न राजनीतिक दलको सभा समारोहमा भीड चाहियो भने शिविरकै नागरिक लैजाने गरिन्छ । "जहाँबाट आश्वासन आउँछ, त्यहाँ आशा पनि हुन्छ । हिजो शिविर बस्दा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गरेका राजनीतिक दलले आज जग्गा दिने कुरा गर्छन् कि भनेर सबैका सभामा पुग्ने गरेका छौं", विशालनगर शिविरमा बस्दै आउनुभएकी सुनिता चौधरी भन्नुहुन्छ, "आश्वासन आज पनि त्यही छ । जग्गा पाउनुपर्छ र पाइन्छ भन्ने । कहिले पाइने हो भन्ने टुङ्गो छैन ।"

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५0% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके